# गौर नगरपालिका

## स्थानीय राजपत्र

### गौर नगरपालिका द्वारा प्रकाशित

खण्ड: ८ संख्या: १ मिति:२०८१/०१/३१

भाग: २

गौर नगरपालिकाको प्रशासकीय कार्यविधिऐन (नियमित गर्ने) , २०७५ बमोजिम गौर नगरपालिकाको नगर कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८१ सालको कार्यविधि नं . १

एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि ,२०८१

## एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

प्रमाणिकरण मितिः २०८१/०१/३१

गौर नगरपालिकाले असक्त, घाइते, गर्भवती तथा सुत्केरी महिलाहरु एवं विभिन्न प्रकारका दैवी प्रकोप वा विपद्का समय अति असक्त इमरजेन्सी बिरामीको उपचारको लागि पर्न सक्ने स्वास्थ्य समस्याबाट सुरक्षित राख्ने उद्देश्यले आकस्मिक उपचारका लागि एम्बुलेन्स सेवा प्रदान गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको स्वास्थ्य सम्बन्धी हकलाई मध्येनजर गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ बमोजिम गौर नगर कार्यपालिका बैठकको मिति २०८१/०१/३१ गतेको निर्णयबाट **एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१** लागु गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्मः** (१) यस कार्यविधिको नाम एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट तुरुन्त लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"एम्बुलेन्स"** भन्नाले गौर नगरपालिकाले संचालन गरेको एम्बुलेन्सलाई जनाउनेछ ।

ख) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ।

ग) **"नगरपालिका"** भन्नाले गौर नगरपालिकालाई जनाउँछ।

घ) **"बोर्ड"** भन्नाले गौर नगर कार्यपालिकाको बोर्डलाई सम्झनु पर्छ।

ड) **"समिति"** भन्नाले एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन संचालन गर्न गठन गरीएको समितिलाई सम्झनु पर्छ ।

च) **"कर्मचारी"** भन्नाले नगरपालिकामा कार्यरत स्थायी, अस्थायी वा करारमा कार्यरत कर्मचारीहरूलाई जनाउँछ ।

छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गौर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

ज) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले गौर नगरपालिकाको बोर्ड बैठक निर्णय गरी समय समयमा तोकिदिए बमोजिम सम्झनुपर्छ ।

**३. उद्देश्यः** (१) यस कार्यविधिका प्रमुख उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

क) गौर नगरपालिका क्षेत्र भित्र र नजिकका स्थानीय तहको समेत स्वास्थ्य समस्या भएका नागरिकहरू उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य संस्था सम्म सेवा पुर्याउने तथा यसको विश्वसनीयता साथै प्रभावकारिता वृद्धि गरी दिगो र भरपर्दो सेवा प्रदान गर्नु ।

ख) गर्भवती तथा सुत्केरी महिलाहरू एवं जटिल स्वास्थ्य समस्या भएका आकस्मिक रुपमा निःशुल्क एम्बुलेन्स सेवाको पहुँच वृद्धि गरी मातृशिशु मृत्यु न्यूनीकरण तथा जनताको स्वास्थ्य सुरक्षा कायम गर्नु।

ग) नगरपालिकाको आफ्नो एम्बुलेन्सको संचालन व्यवस्थित तरिकाले संघीय कानुन बमोजिम संचालन गर्नु।

## परिच्छेद २

## एम्बुलेन्स संचालन सम्बन्धी व्यवस्था

**४. नगरपालिका आफैले संचालन गर्दा:** (१) नगरपालिकाले आफै संचालन गर्दा देहायका विषय सुनिश्चित हुनुपर्नेछ,

क) चौबिसै घण्टा खटिन हलुका सवारी चालक १ जना रहनेछ,

ख) वार्षिक रुपमा मोबाइल वा टेलिफोन एवं मर्मत सम्भार तथा इन्धनको व्यवस्था भएको,

ग) जिल्ला एम्बुलेन्स समितिबाट निर्धारण भएका अन्य विषयहरू लागु हुनेछ ।

(२) एम्बुलेन्स संचालन तथा व्यवस्थापनका लागि एउटा छुट्टै कोष खड़ा गरिनेछ सो कोषमा प्रत्येक वर्ष नगरपालिकाले वार्षिक बजेटबाट आवश्यक रकम जम्मा गरी कोषको वृद्धि गरिनेछ ।

(३) एम्बुलेन्स संचालन तथा व्यवस्थापन कोषमा वार्षिक रुपमा नगरपालिकाले जम्मा गर्ने रकमका अतिरिक्त एम्बुलेन्स सेवा शुल्क, एम्बुलेन्स संचालन तथा व्यवस्थापनका लागि प्राप्त अनुदान, आर्थिक सहयोग जस्ता रकम समेत जम्मा गरिनेछ । सोही कोषवाट एम्बुलेन्स संचालन तथा व्यवस्थापनका सवै खर्चहरु गरिनेछ ।

**५. अन्य संघ संस्था तथा निजी क्षेत्रद्वारा संचालनः**

(१) नगरपालिकाले शर्त सहित सम्झौता गरी कुनै पनि गैर नाफामुलक, इच्छुक एम्बुलेन्स संचालन गर्न सक्ने संघ संस्था तथा निजी क्षेत्रहरुबाट सेवा संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिम संस्था छनौट गर्न कम्तीमा ७ दिनको सार्वजनिक सूचना स्थानीय पत्रपत्रिका, नगरपालिकाको वेवसाईट, फेसबक पेज लगायतमा सूचना प्रकाशन गरी प्राप्त प्रस्तावहरु मध्ये कुनै एकलाई छनौट गर्नु पर्नेछ ।

(३) छनौटका आधारहरुमा संस्थागत क्षमता, अनुभव, लागत साझेदारी, प्रस्तावित रकम र मितब्ययीतालाई विशेष ध्यान दिइ प्रस्तावको मुत्याकन कार्यालयले गर्नेछ ।

(४) छनौट भएको संस्थालाई नगर कार्यपालिकाको निर्णयानुसार सम्झौता गरी एम्बुलेन्स संचालनका लागि हस्तान्तरण गरिनेछ ।

(५) संस्था मार्फत एम्बुलेन्स संचालन गर्दा यसरी छनौट भएको संस्था र नगरपालिका द्वारा संचालित एम्बुलेन्स भनी एम्बुलेन्सको देखिने भागमा लेख्नु पर्नेछ।

(६) एम्बुलेन्स सेवा शुल्क नेपाल सरकारबाट गठित जिल्ला एम्बुलेन्स सेवा सञ्चालन समिति रौतहटले निर्धारण गरे बमोजिम हुनेछ।

(७) नगरपालिका स्थायी ठेगाना भएका गर्भवती तथा सुत्केरी महिलाहरु मध्ये आकस्मिक रुपमा अस्पताल तथा स्वास्थ्य संस्थामा जानुपर्ने भएमा स्वास्थ्य संस्थाबाट प्रदान गरिएको गर्भवती जाँच कार्ड (ANC Checkup card) को आधारमा अस्पताल जाँदा शत प्रतिशत र अस्पतालबाट घर फर्कदा पँचास (५०) प्रतिशत छुट दिने (वडाको सिफारिस भएमा निःशुल्क) र सोको अभिलेख राखी मासिक नगरपालिकामा प्रतिवेदन गर्ने गरी एम्बुलेन्स सेवा संचालन गर्नु पर्नेछ ।

(८) आकस्मिक र गर्भवति महिलाहरुले प्रयोग नगरेको अवस्थामा अन्य विरामीको हकमा तोकिएको भाडा रकम लिन पाइनेछ । एकैसाथ एकभन्दा बढि स्थानबाट एम्बुलेन्सको माग भएमा सर्वप्रथम अन्य सवारी साधन सहजै उपलब्ध नहुने ग्रामीण भेगमा पहिलो प्रार्थामिकता दिनु पर्नेछ ।

(९) सुत्केरी हुन जाने महिलालाई सेवा दिन कुनै कारणले वञ्चित गर्न पाइने छैन । नगरपालिकाबाट प्रदान भएको एम्बुलेन्स अन्य व्यक्तिलाई लिई एम्बुलेन्स बाहिर गएका वखत वैकल्पिक एम्बुलेन्सको व्यवस्थापन गर्नु पर्नेछ।

(१०) एम्बुलेन्स संचालन गर्ने संस्थाले एम्बुलेन्स संचालनका लागि संचालन खर्च प्रस्तावमा स्वीकृत भए बमोजिम नगरपालिकाबाट वार्षिक रुपमा अधिकतम रु. १,००,०००/- (एक लाख मात्र) सम्म माग गर्न सक्नेछ । सोही खर्चले एम्बुलेन्सको नियमित मर्मत, इन्धन तथा ड्राइभर खर्चको व्यवस्थापन गर्नु पर्नेछ ।

(११) एम्बुलेन्स सेवा २४ सै घण्टा संचालनको जिम्मेवारी प्रस्तावक संस्थाको हुनेछ।

(१२) एम्बुलेन्समा जुनसुकै कारणले क्षति हुन वा हानी नोक्सानी हुन गएमा यसको व्ययभार प्रस्तावक संस्थाले वहन गर्नेछ।

**६. समिति सम्बन्धी व्यवस्थाः** (१) एम्बुलेन्सको संचालन, व्यवस्थापन, अनुगमन, सुपरीवेक्षण तथा उद्देश्य अनुसारका काममा प्रयोग गर्न देहाय बमोजिमको एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति रहनेछ।

| | |
|---|---|
| क) उप-प्रमुख | -संयोजक |
| ख) प्रमख प्रशासकीय अधिकृत | -सदस्य |
| ग) कार्यपालिकाले तोकेको एक जना महिला सहित २ जना | -सदस्य |
| घ) आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| ङ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख | -सदस्य |
| च) जिन्सि शाखा प्रमुख | -सदस्य सचिव |

छ) नगरपालिका प्रमुख समितिको संरक्षक रहनेछ ।

समितिमा संयोजकले आवश्यकतानुसार विषय सँग सम्बन्धित पदाधिकारी, कर्मचारी, स्वयंसेवक तथा अन्य व्यक्तिलाई आमन्त्रण गरी परामर्श लिन सक्नेछ।

**(२) एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।**

क) एम्बुलेन्स संचालन व्यवस्थापन गर्ने सेवा प्रदायक निकायको नियमन गर्ने र देखिएका समस्या समाधानमा सहजीकरण गर्ने ।

ख) एम्बुलेन्सको सहि सदुपयोग गराउने तथा २४ सै घण्टा एम्बुलेन्स संचालनको सुनिश्चतताको व्यवस्था मिलाउने ।

ग) एम्बुलेन्स संचालन तथा व्यवस्थापन कोषको परिचालन तथा सम्बन्धित क्षेत्रको प्रवर्द्धनमा खर्च गरी सो को विवरण कार्यपालिका समक्ष पेश गर्ने ।

घ) एम्बुलेन्स सेवा दिन नसकिने स्थानका विरामीका लागि वैकल्पिक यातायात साधनको प्रवन्ध गर्ने।

ङ) यस समितिबाट भए गरेको गतिविधि तथा एम्बुलेन्स सेवा संचालन सम्बन्धीको त्रैमासिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नुपरने छ ।

च) कार्यपालिकाले जिम्मेवारी दिएका क्षेत्रगत अन्य कार्यमा सहयोग एवं सहजीकरण गर्ने ।

छ) एम्बुलेन्स संचालनबाट भएको आम्दानी तथा खर्चलाई बैंकिङ्ग प्रणालीबाट गर्ने व्यवस्था मिलाउने।

## परिच्छेद ३
## कर्मचारी व्यवस्थापन

**७) कर्मचारी नियूक्ती** (१) एम्बुलेन्स संचालनका लागि तोकिए बमोजिमको योग्यता र अनुभवको आधारमा एक जना हलुका सवारी चालक सेवा करार वा भर्ना गरिनेछ।

२) सवारी चालकको सेवा तथा शर्तहरूः (१) एम्बुलेन्स चालकले नगर कार्यपालिकाको कार्यालयले तोके अनुसार तलब सुविधा पाउनेछ । तलव बाहेक एम्बुलेन्स संचालन भएको अवधिमा रात्रिकालिन सेवा वापत प्रति दिन रु. १०० का दरले थप भत्ता पाउनेछ । एम्बुलेन्स चालकको पारिश्रमिक र अन्य सुविधा एम्बुलेन्स संचालन कोषबाट व्यहोरिनेछ। यसका लागि नगरपलिकाको कोषबाट कुनै रकम व्यहोरिने छैन ।

**८) आचरणः** एम्बुलेन्स चालकले देहाय बमोजिमको आचरण पालना गर्नु पर्नेछ ।

(१) एम्बुलेन्सको उचित तरिकाले संचालन, रेखदेख र संरक्षण गर्ने।

(२) एम्बुलेन्स संचालन भएको अवधि र खपत भएको इन्धन अभिलेख दुरुस्त राख्ने । प्रत्येक सात सात दिनमा जम्मा भएको रकम नगरपालिकाको एम्बुलेन्स संचालन कोष खातामा जम्मा गर्ने ।

(३) एम्बुलेन्स संचालन गर्ने अनुमाति भएको ठाँउ भन्दा अन्यत्र संचालन गर्दा समितिको पूर्व स्वीकृती लिएर मात्र संचालन गर्ने।

(४) एम्बुलेन्सको नियमित सरसफाई, चेकजाँच गरी अध्यावधिक राख्ने र मर्मतका लागि सम्बन्धित शाखामा सूचना गर्ने ।

(५) सवारी संचालनका क्रममा हुन सक्ने सम्भावित दुर्घटना र जोखिम उपर पूर्व सावधानी अपनाउने ।

(६) एम्बुलेन्स संचालन तथा बीमा सम्बन्धमा समय समयमा आर्थिक प्रशासन शाखामा जानकारी गराउने ।

(७) समय समयमा एम्बुलेन्स संचालन समिति एवं प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशन बमोजिम गर्ने ।

८) अवकाश दिन सकिनेः कार्य सम्पादन सन्तोषजनक नभएमा ।

**९. संचालनको विधिः** एम्बुलेन्स संचालनको लागि नगरपालिका आफैले गर्ने वा संस्था मार्फत गर्ने भन्ने विधि दफा ६ बमोजिमको समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयानुसार तय हुनेछ।

**१०. एम्बुलेन्सको भाडा दर निर्धारण**

१) एम्बुलेन्स संचालन समिति, रौतहटबाट निर्धारण भएको दररेटको आधारमा समयाकुल र भौगोलिक विकटताका आधारमा दररेट अनुसुची १ मा उल्लेख भएको लागु हुनेछ । साथै गौर नगरपालिका वासिन्दाको हकमा आन्दोलनमा घाइते परिवार, शहिद परिवार, जेष्ठ नागरिक, अपाङ्ग तथा पिछडिएको समुदायको व्यक्तिको हकमा प्रमुख प्रशासकीय अधिकृतले विशेष छुट सुविधा उपलब्ध गराउन सक्नेछ ।

## अनुसूची-१

### (बुँदा १० को (१) संग सम्बन्धित)

### गौर नगरपालिकामा सञ्चालित एम्बुलेन्सको दररेट

| क्र.सं. | स्थान | दररेट | कैफियत |
|---|---|---|---|
| १ | गौर न.पा. भित्र | ४०० | |
| २ | यमुनामाई गा.पा. अन्तर्गत | ६०० | |
| ३ | राजदेवी न.पा. अन्तर्गत | १३०० | |
| ४ | राजपुर न.पा. अन्तर्गत | १३०० | |
| ५ | इशनाथ न.पा. अन्तर्गत | १४०० | |
| ६ | परोहा न.पा. अन्तर्गत | १४०० | |
| ७ | बौधीमाई न.पा. अन्तर्गत | १६०० | |
| ८ | मौलापुर न.पा. अन्तर्गत | १९०० | |
| ९ | फतुवा विजयपुर न.पा. अन्तर्गत | २१०० | |
| १० | गुजरा न.पा. अन्तर्गत | २३०० | |
| ११ | कटहरीया न.पा. अन्तर्गत | १९०० | |
| १२ | देवाही गोनाही न.पा. | १६०० | |
| १३ | गरुडा न.पा. अन्तर्गत | १६०० | |
| १४ | वृन्दावन न.पा. अन्तर्गत | २००० | |
| १५ | चन्द्रपुर न.पा. अन्तर्गत | २३०० | |
| १६ | गढीमाई न.पा. अन्तर्गत | १७०० | |
| १७ | दुर्गाभगवती गा.पा. अन्तर्गत | १००० | |
| १८ | माधवनारायण न.पा. अन्तर्गत | १७०० | |
| १९ | गौर देखि नीजगढ | ३४०० | |
| २० | गौर देखि वीरगंज | ३००० | |
| २१ | गौर देखि हेटौडा | ५२०० | |
| २२ | गौर देखि भरतपुर | ८५०० | |
| २३ | गौर देखि काठमाण्डौं | ११००० | |
| २४ | गौर देखि धरान | ११५०० | |
| २५ | गौर देखि जनकपुर | ५२०० | |
| | **नेपालबाट भारत तर्फ जाँदा** | | |
| १ | गौर देखि सितामढी | ३००० | |
| २ | गौर देखि मोतिहारी | ४००० | |
| ३ | गौर देखि दरभंगा | ६००० | |
| ४ | गौर देखि पटना | ९००० | |
| ५ | गौर देखि मुज्जफरपुर | ५५०० | |
| ६ | गौर देखि रक्सौल | ४५०० | |

नोटः समय समयमा आवश्यकता अनुसार कार्यपालिकाले तोके बमोजिम दररेट कायम हुने छ ।

**आज्ञाले**
सुभाष कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत